म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७२ बिहीबार २४ असोज २०८१ ने. सं. ११४४ कौलाथ्व 10 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बिजया दशमीको शुभकामना**

सम्पूर्ण पाठकवृन्द, विज्ञापनदाता, शुभेच्छुक र बिक्रेताहरुमा सुख, समृद्धि र दीर्घायूका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*साथै, दशैं बिदाका कारण साझाकुराको अर्को अंक कार्तिक ३ गते प्रकाशित हुने जानकारी गराउँदछौं ।*

सरला खनाल (सम्पादक) एवम्

साझाकुरा राष्ट्रिय दैनिक, परिवार

हेटौंडा-१, चौकीटोल

मनहरीका १४ सय किसानको 'बोल्ड निर्णय'

# गाउँपालिकामार्फत दूध बिक्री, १५-१५ दिनमा भुक्तानीको 'ग्यारेण्टी'

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुरको पश्चिमीक्षेत्र मनहरी गाउँपालिकामा १ हजार ४ सय दूग्ध उत्पादक किसानले अब गाउँपालिका कार्यालयमार्फत दूध बिक्री गर्ने भएका छन् ।

जिल्ला सहकारी संघमार्फत दूध खरिदबिक्री प्रक्रिया टुंग्याउँदै मनहरीका दुग्ध उत्पादक किसान आबद्धता रहेको सहकारीले गाउँपालिकासँग दूध बिक्रीका लागि सम्झौता गरेको छ ।

गाउँपालिकाभित्र दूध संकलन गरिरहेका ६ वटा सहकारीसँग दूध बिक्री र भुक्तानीको काम गर्नेगरी कार्यालय मातहत कृषिउपज संकलन तथा बिक्री सेवाकेन्द्र स्थापना गरिएको छ । गाउँपालिकाको पशुपन्छी विकास शाखाका अनुसार १ कार्तिक ०८१ बाट गाउँपालिका मार्फत् किसानले दूध बिक्री गर्ने भएका छन् । किसानले यसअघि जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुरालाई दूध बिक्री गर्दै आएका थिए ।

जिल्ला संघले सरकारी स्वामित्वको दुग्ध विकास संस्थान र निजी दुग्ध उद्योगलाई बिक्री गर्दै आएको हो । जिल्ला संघबाट दूध बिक्री गर्दा भुक्तानी लामो समयसम्म रोकिएको गुनासोपछि गाउँपालिकाले आफैं दूधको जिम्मा लिएको हो । मनहरीका ६ वटा दुग्ध सहकारीमा १४ सय जना दुग्ध उत्पादक किसान आवद्ध रहेको शाखाले जनाएको छ । १ नम्बर वडामा क्षितिज दुग्धउत्पादक सहकारी संस्था, ३ नम्बरमा चुरियामाई महिला जीवन वातावरण स्वाबलम्बन बहुद्देश्यीय सहकारी संस्था, नमूना कृषक बहुउद्देश्यीय सहकारी संस्था र साना किसान सहकारी संस्था, ७ र ८ नम्बर वडा कार्यक्षेत्र भएको सानाकिसान सहकारी तथा ६ नम्बर वडामा संयुक्त जनजागृति दुग्ध उत्पादक सहकारी संस्था छन् ।

गत आार्थिक वर्ष २०८०/८१ को तथ्यांकअनुसार यी ६ वटा सहकारीबाट वार्षिक २१ लाख ६५ हजार ६ सय ७ लिटर दूध उत्पादन भएको छ । दैनिक सरदर ६ हजार भन्दा बढी दूध उत्पादन हुने गरेको छ । पशुपन्छी शाखा प्रमुख डा.प्रदीप बर्तौंलाले गाउँपालिकाले सहकारीमा आबद्ध किसानको मात्रै दूध खरिद गर्ने बताए । गाउँपालिकामा सहकारी बाहिरबाट आफ्नै तरिकाले दूध बिक्री गरिरहेका किसान पनि छन् । गाउँपालिकाले हेटौंडा उपमहानगर पालिका-१९ नेवारपानीस्थित हेटौंडा डेरी इडष्ट्रिज प्रालिसँग मंगलबार दूध खरिदबिक्रीका लागि सम्झौता गरेको छ । सम्झौतामा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती र उद्योगका महाप्रबन्धक उदयराज पण्डितले हस्ताक्षर गरेक छन् । गाउँपालिका केन्द्र रजैयाबाट हेटौंडा डेरी उद्योग करिब तीन किलोमिटरको दुरीमा छ ।

सम्झौतामा दूधको गुणस्तरअनुसार मूल्यनिर्धारण गरेर भुक्तानीको व्यवस्था गर्ने, भुक्तानीमा ढिलाई भएमा उद्योगपक्षले तिर्नुपर्ने जरिवानालगायतको विषय समेटिएको छ । गाउँपालिकाले कृषकलाई दूध बिक्रीवापतको भुक्तानी १५-१५ दिनमा गर्ने सुनिश्चिता गरेको गाउँपालिका अध्यक्ष तथा कृषिउपज संकलन तथा बिक्री सेवा केन्द्र संयोजक कालाखेतीले जानकारी दिए । 'हामी अब कृषकसँग दूध खरिद गर्छौं, हामी नै डेरीलाई दूध बिक्री गरेर कृषकलाई १५ दिनमा भुक्तानी दिन्छौं' उनले भने ।

कृषकले दु:ख गरेर उत्पादन गरेको दूधको मूल्य समयमै नपाएको कारण गाउँपालिकाले नै यसको जिम्मा लिएको अध्यक्ष कालाखेती बताउँछन् । 'दिनरात घाँसदाउरा गरेर कृषकले यति दु:खका साथ दूध उत्पादन गरेका हुन्छन् । त्यसको पैसा उनीहरुले लामो समयसम्म नपाउँदा स्थानीय सरकारले कृषकको दूधको जिम्मा लिनुपरेको हो' उनले सुनाए ।

कृषकले अब दूधको भुक्तानीको विषयमा कुनै चिन्ता लिनु नपर्ने कालाखेतीले बताए । गाउँपालिका र कृषकबीच सम्झौता भएपछि 'मिल्क होलिडे'को समस्या पनि नहुने अध्यक्ष कालाखेतीको दाबी छ । प्राकृतिक प्रकोप, महामारी, बन्द हड्तालबाहेक दशैंको ३ दिन र तिहारको २ दिन दूध खरिदबिक्री बन्द हुने जनाइएको छ ।

मनहरी-३ स्थित चुरियामाई महिला जीवन वातावरण स्वाबलम्बन बहुद्देश्यीय सहकारी अध्यक्ष अनिल पुडासैनीले गाउँपालिकासँगको सम्झौतापछि किसान खुशी भएको प्रतिक्रिया दिए । दूधको भुक्तानी रोकिँदा तनावमा रहेका किसानलाई गाउँपालिकाको प्रतिबद्धताले आशा जगाएको उनले सुनाए । 'हामीले विश्वास गरेर गाउँपालिकासँग सम्झौता गरेका छौं । गाउँपालिकाले यसलाई निरन्तर अगाडि बढाउनुपर्छ' उनले भने । पुडासैनीले भुक्तानी नियमित भए मात्रै पनि किसान पलायन रोकिनेमा विश्वस्त भए । दूध बिक्रीवापत्को रकम नपाउँदा मनहरीका धेरै किसान कृषिपेशाबाट पलायनको तरखरमा रहेको उनले बताए ।

पशुपन्छी शाखा प्रमुख डा. बर्तौंलाले मनहरीका धेरै किसानको ३ देखि ४ महिनासम्मको दूधको भुक्तानी अझै आउन बाँकी रहेको बताए । उनले हेटौंडा डेरी उद्योगले भुक्तानीमा ढिलाई गरे पनि गाउँपालिकाले किसानलाई अग्रिम भुक्तानी दिने उल्लेख गरे । कृषिउपज संकलन तथा बिक्री सेवाकेन्द्रबाट १५ दिनमा भुक्तानीको व्यवस्था हुने र उद्योगबाट महिना बितेपछि प्राप्त हुने रकम केन्द्रमा जम्मा हुने उनको भनाई छ ।

**कसरी हुन्छ भुक्तानी ? समयमै नभए ०.५ प्रतिशत हर्जाना**

गाउँपालिका र हेटौंडा डेरीबीचको सम्झौतामा गुणस्तर कायम रहेको दूध मात्रै खरिदबिक्री हुने उल्लेख छ । तोकिएको न्युनतम गुणस्तर कायम नभए दूध खरिद नगरेमा वा फिर्ता गरेमा कुनै दाबी गर्न नपाइने जनाइएको छ ।

सरकारी दररेटअनुसार नै खरिदबिक्री गरिने र सरकारले कच्चादूधको मूल्यवृद्धि गरेमा गाउँपालिका र उद्योगबीच समभ्रदारीमा मूल्य हेरफेर हुने उल्लेख छ । कच्चादूधको ढुवानी सहकारीको दूध चिस्यान केन्द्रबाट दूध उद्योगले नै गर्नेछ । दूधको ढुवानी गर्दा लाग्ने खर्च उद्योगले नै व्यहोर्नेछ । तातो दूधको हकमा भने गाउँपालिकाले उद्योगसम्म दुध ढुवानी गर्नेछ । तातो दूधको ढुवानीवापत उद्योगले १ रुपैयाँ तिर्नुपर्ने उल्लेख छ ।

गाउँपालिकाले बिक्री गरेको दूधको चलानी उद्योगलाई नियमितरुपमा उपलब्ध गराउने, गाउँपालिकाले हरेक महिनाको १५-१५ दिनको अवधिमा प्राप्त दूधको रसिदको विस्तृत विवरण उद्योगलाई पठाउनुपर्नेछ । विवरण उद्योग र गाउँपालिकाले रुजु गरिसकेपछि उद्योगले एक महिनाको एकमृष्ठ रकम भुक्तानी अर्को महिनाको ७ दिनभित्र गरिसक्नुपर्ने सम्झौता छ ।

भुक्तानीको अन्तिम समय अर्थात महिनाको पहिलो ७ दिन कटेमा उद्योगले गाउँपालिकालाई हर्जनास्वरुप कूल रकमको ०.५ प्रतिशतका दरले थप भुक्तानी गर्नुपर्ने डा. बर्तौंलाले जानकारी दिए । गाउँपालिका र उद्योगबीचको सम्झौता २०८२ असार मसान्तसम्म लागू हुनेछ ।

# कारागारका कैदीबन्दीलाई राक्सिराङको खसी र खाद्यान्न

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले भीमफेदी क्षेत्रीय कारागारमा रहेका कैदीबन्दीलाई दसैं मनाउन खसी, खाद्यान्न र अत्यावश्यक सामग्री सहयोग गरेको छ । बुधबार गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष वनस्तम थिङलगायतले कारागारमा पुगी खसी, चिउरा, तेल र सरसफाईका विविध सामग्री हस्तान्तरण गरेका हुन् ।

गाउँपालिकाले विगतका वर्षदेखि नै कारागारका कैदीबन्दीलाई हरेक वर्ष दसैंमा खसी र खाद्यान्न सहयोग गर्ने गरेको छ । गाउँपालिकाले एउटा खसी, तीन बोरा चिउरा, सर सफाईका सामग्रीमा डस्बिन, कुचो, हर्पिकलगायत सहयोग गरेको थियो । मनहरीका तीन सामुदायिक वन समूहका तर्फबाट अर्को थप एक खसी प्रदान गरिएको थियो । सामुदायिक वनका प्रतिनिधि एवम् मनहरी-७ का वडाध्यक्ष ठाकुरराम तितुङसहितले खसी हस्तान्तरण गरेका हुन् ।

कैदीबन्दी जीवन बिताइ रहेका आफ्ना गाउँपालिका बासिन्दाका साथ कारागारमा बस्ने सबैले खुसीयाली साथ चाडपर्व मनाउन पाउन् भन्ने उद्देश्यले आफूहरुले हरेक वर्षको दसैंमा खाद्यान्न, खसीलगायत सहयोग गर्ने गरेको गाउँपालिका अध्यक्ष मल्लले बताए । आफूहरुले सहयोगको सुरुवात गरेपछि अन्य पालिकाबाट पनि कारागारमा सहयोग आउन थालेको अध्यक्ष मल्लले बताए ।

कारागारमा दसैंको लागि खसी र खाद्यान्न जुट्ने क्रममा रहेको छ । मंगलबार कैलाश गाउँपालिकाले खसी, चामललगायत वितरण गरेको थियो भने बुधबार नै मकवानपुरगढी गाउँपालिकाबाट पनि खसी र खाद्यान्न प्रदान गरिएको थियो ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

**हार्दिक शुभकामना**

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अनिल पाण्डे (सं. अध्यक्ष) श्री कार्की (प्रिन्सिपल) रमिता पाण्डे (वि.व्य.स. अध्यक्ष)

एवम्

हेटौंडा सिटी कलेज, परिवार

हेटौंडा-११, बस्तीपुर

**हार्दिक शुभकामना**

विजया दशमी, शुभ दीपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा सम्पूर्ण नगरवासी, वडाबासी, व्यवसायी मित्र, सञ्चारकर्मी, कर्मचारीहरु लगायत शुभचिन्तक, शुभेच्छुक एवम् समस्त देशवासीमा सुख, शान्ति र समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सविन न्यौपाने

(१ नं. वडा अध्यक्ष/प्रवक्ता)

हेटौंडा उपमहानगरपालिका

हेटौंडा, मकवानपुर

**हार्दिक शुभकामना**

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हेटौंडा एकेडेमी, परिवार

हेटौंडा-११, मकवानपुर



**हार्दिक शुभकामना**

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*हामी कहाँ विवाह, ब्रतबन्ध तथा शुभ कार्यका लागि चाहिने दूध, दही तथा दूधजन्य परिकार सुपथ मूल्यमा पाइन्छ ।*

हरिप्रसाद कँडेल (अध्यक्ष) एवम् कुमारमणि दाहाल (व्यवस्थापक)

जिल्ला दुग्ध उत्पादक सहकारी संघ, परिवार

हेटौंडा-१, चौकीटोल

**हार्दिक शुभकामना**

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पालुङ्ग बचत तथा ऋण सहकारी संस्था लि., परिवार

पालुङ्ग, मकवानपुर

**हार्दिक शुभकामना**

विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सम्झौता सापकोटा (प्रबन्ध निर्देशक) एवम्

हिमालयन मोटर्स परिवार

साझाकुरा

## हाम्रो कुरा

# चाडबाड मंगलमय बनोस्

दशैं हिन्दूहरुको चाड हो । अधर्ममाथि धर्मको र असत्यमाथि सत्यको विजयकारुपमा परम्परादेखि मनाइँदै आएको यो पर्वको महत्व धेरै छ । हुन त हरेक चाडको महत्व उत्तिकै छ । धर्म र सत्यको विजय सामाजिकरुपमा अस्वीकार्य हुन सक्दैन । हिन्दु चाड भएपनि कालान्तरमा दशैं अधिकांश नेपालीको साझा चाडकारुपमा मानिन्छ । आजको बहुलवादी समाजमा क्रिसमस मनाउन ईसाई नै हुनु पर्दैन या चर्चसम्म पुग्नुपर्दैन, त्यसरी नै हिन्दु नभएपनि दशैं मनाउन सकिन्छ । सामाजिक चाडकारुपमा पनि ग्रहण गर्न सकिन्छ । दशैंलाई धार्मिकरुपमा मनाउने शतप्रतिशत हक हिन्दूलाई हुनुपर्छ । हामी धर्मनिरपेक्ष राज्यमा छौं । बिदा, भत्तालगायतका कुरामा राज्यसित माग राख्न, संशोधन गर्न सकिन्छ । दशैं नमनाउन वा म मनाउदिन भन्न पनि पाइन्छ । आफूलाई सुहाउँदो, मन रमाउँदो र व्यावहारिक तरिकाले मनाउने पनि पाइन्छ । दशैं मनाउँदाको अलग्गै कर तिर्नु पर्दैन । तर, कसैको आस्थामाथि खेलबाड गर्दै बहिष्कार गर्ने कार्य राम्रो होइन ।

मुलुकको परिवर्तनका लागि भएका एकएक आन्दोलन, एकएक क्रान्ति, जनयुद्धबाट स्थापित भएका जुनसुकै शासकहरु भ्रष्टाचारको दलदलमा भासिएको अवस्था, एउटा राजा हटाएर हजारौं राजा स्थापित भएको अवस्था, दैनिक हजारौं युवा रोजगारको खोजीमा हातमा पासपोर्ट बोकेर श्रमस्वीकृतिका लागि लाइन बसेको अवस्था जति चर्चा गरेपनि सकिने वा रोकिनवाला छैन । भ्रष्ट र नैतिकपतन भएका व्यक्ति सत्तामा स्थापित भइरहेका यो समयमा चाडपर्वको शुभकामनाले खासै माने राख्दैन भन्ने कुरा हामीलाई राम्रैसँग थाहा छ । राजनीति विधिशास्त्रकारुपमा स्थापित हुनुपर्ने थियो । तर, त्यसो हुन सकिरहेको छैन । जुन मुलुकमा अज्ञानताको विस्तार नै ज्ञान मानिन्छ, जुन मुलुकमा आपसमा विद्वेष फैलाउन धर्म प्रयोग गरिन्छ, जहाँ दयाभाव व्यवसाय बन्छ, जुन समाजमा क्षमाशीलता कलंकित हुन्छ यस्तो समयमा हामी शुभकामना दिन खोजिरहेका छौं । 'विजयादशमीको शुभकामना' शब्द केहीवर्ष अघिसम्म ग्रिटिङ्स कार्डमा प्रदान गरिन्थ्यो । सुन्दर कागजमा सज्जित यी शब्द पाउने व्यक्तिपनि मोहित र अचम्मित हुने गर्दथ्यो । तर, हिजोआज सामाजिक संजालमा औपचारिकतामा सीमित भएका छन् । मरुभूमिमा श्रम बेचिरहेको एउटा श्रमिक नेपालीका लागि सामाजिक संजालका शुभकामनाको के अर्थ ? वा यस्ता संजालले दिएको शुभकामनाले कति माने राख्ला ? घरपरिवारका जेष्ठनागरिकबाट दिइने आशीर्वादको अगाडि मरुभूमिमा श्रम गरिरहेको अवस्थामा दिइएको सामाजिक संजालका शुभकामनाको महत्व कति होला ? खाडीको ५० डिग्री सेल्सियसको तापक्रममा श्रम बेचिरहेका नेपाली युवालाई दशैंको भव्यतासँग जोडिनैपर्ने बाध्यता कति छ ? दशैंको खुशियाली कति होला ?

भर्खरै बाढीले बस्ने बास नै गुमाएका परिवारका लागि हामीले सामाजिक संजालमा दिएको शुभकामनाले कति अर्थ राख्छ त ? यतिबेला हजारौं नेपालीका लागि शुभकामनाको कुनै औचित्य छैन । एक्काइसौं शताब्दीमा पाइला चालिरहँदा मध्ययुगीन व्यवहारमा बाँच्न बाध्य बनाइएका नेपालीका युवाका लागि यो वा उ दशैंको शुभकामनाले कति बिझाउला ? यो समयमा कसले कसलाई के भनेर शुभकामना दिने ? यो विषयमा बहस गर्नुपर्ने ठाउँमा बहस हुनै सक्दैन । जहाँ बहस गर्नुको अर्थ छैन त्यहाँ भएको बहसले के काम गर्छ ? नयाँ लुगा लाउने, मासुभात खाने, ठुलाबडाको हातबाट टीका लगाएर आशीर्वाद लिने कामलाई हामीले दशैं भनिरहेका छौं । केही हदसम्म यो ठीकै पनि होला । तर, राष्ट्रिय चाड राष्ट्रका सबै नागरिकले उत्तिकै खुशीसाथ मनाउने वा मान्न पाउने वातावरण कहिले बन्ला ? फेरि पनि हामी प्रेम र सद्भावपूर्ण रुपमा चाडपर्व मनाऔं । आफ्नो क्षमताअनुसारको चाडबाड मनाउनुको बिकल्प हामीसँग छैन । यो चाड श्रद्धापूर्वक मनाउने सम्पूर्णमा हार्दिक शुभकामना ।

# जनप्रतिनिधिज्यूहरू, दशैंमा गाउँ आएका नागरिकसँग के संवाद गर्दै हुनुहुन्छ ?



✍ कपिल काफ्ले

मेरो गृह जिल्ला काभ्रे लगायतका धेरै ठाउँहरूमा यो पटक दशैंको रौनक आउनेवाला छैन । अनगिन्ती गाउँ-टोलहरू शोकमा छन् । नागरिकहरू अब के खाने, कहाँ जाने र कहाँ बस्ने भन्ने पीडामा छन् । छटपटी छ, वेदना छ । स्वाभाविक हो, तीन तहका सरकारहरूप्रति आक्रोश पनि छ । तर फेरि त्यही दु:खेको मनले गाउँमा डोऱ्याउँदैछ । एकपटक टेक्दा मात्रै पनि स्वर्गीय आनन्द र अद्भुत शक्ति दिने क्षमता गाउँसँग छ । यसरी दशैं नजिकिएसँगै देशभित्र र बाहिरबाट गाउँ जाने क्रम सुरु भएको छ । परिवार, छरछिमेक, इष्टमित्र, साथीभाइ, दौंतरी, गुरु-चेला आदिसँगको पुनर्मिलन दशैं वा ठूला चाडपर्वको प्रमुख विशेषता नै भयो । राजनीतिक रूपमा यो जनप्रतिनिधि एवं सम्भावित जनप्रतिनिधि तथा मतदाता एवं सम्भावित मतदाता बीचको बृहत् भेट पनि हो ।

साक्षात्कार, अन्तरक्रिया गर्ने अवसर पनि हो । विगतमा त्यस्तो अभ्यास कमजोर रहेको विषयलाई मध्यनजर गर्दै आसन्न दशैंमा आफ्नो थातथलोमा एकैछिन आराम गरेर कर्मभूमिमा सफलताको अर्को अध्याय सुरु गर्न तत्पर नागरिक र उनीहरूलाई प्रतिनिधित्व गर्ने (सम्भावित सहित) जनप्रतिनिधि बीच हुनुपर्ने संवादको एउटा खाका पेश गर्ने जमर्को गरेको छु । निश्चित रूपमा गाउँ जाँदै गरेका नागरिकहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । उनीहरू पनि गाउँगाउँमा सकारात्मक सन्देश, सद्भावनाको सन्देश, सम्भावनाको सन्देश लिएर जान सक्नुपर्दछ । गाउँका आमा, बुबा, भाइबहिनीमा आशा, भरोसा र उत्साह थप्नु उनीहरूको कर्तव्य पनि हो । गाउँमा लगानी भित्र्याउने, रोजगारी सिर्जना गर्ने र स्रोत व्यवस्थापनको मियो बन्न सक्नुपर्दछ ।

म जस्तै अहिलेसम्म आफ्नो गाउँ-ठाउँलाई केही गर्न नसकेकाहरूले पनि गफ दिनेभन्दा संवाद गर्ने, प्रशंसा र हौसला प्रदान गर्ने प्रयत्न गर्नुपर्दछ । फेरि प्रमुख विषयमा फर्कौं, जनप्रतिनिधिले गाउँ आउने नागरिकहरूसँग कस्तो संवाद गर्नुपर्दछ ?

**१. आफ्ना नागरिक र मतदाताले अनुभूति गर्ने गरी स्वागत गर्नुहोस्**

जनप्रतिनिधिज्यूहरू आफ्ना निर्वाचन क्षेत्र वा स्थानीय तहका नाकाहरूमा २-४ वटा स्वागत ब्यानर झुण्ड्याउन लोभ नगर्नुहोला । आफ्नो गाउँ-ठाउँको पहिचान झल्काउने चित्र र भाषामा आफ्ना प्यारा दिदीबहिनी तथा दाजुभाइहरूलाई स्वागत गर्नुहोस् । निश्चित रूपमा यो गाउँ-टोल फर्किआएका आफ्ना प्यारा नागरिकहरूलाई अभिवादन गर्ने समय हो । कृतज्ञता ज्ञापन गर्ने समय हो । यदि देशको मालिक नागरिक नै हुन् भन्ने तपाईं विश्वास गर्नुहुन्छ भने कसरी स्वागत गर्नुपर्दछ यो तपाईंहरूलाई राम्रोसँग थाहा छ । यति कामना हो कि यसरी स्वागत गर्नुहोस् कि नागरिकहरूले मुग्लानको पीडा र व्यथा सब बिर्सन सकून् । नयाँ ऊर्जा प्राप्त गर्न सकून् । तपाईंलाई पनि अद्भुत आनन्द मिलोस् । जनप्रतिनिधि र नागरिकको बीचमा यति सम्बन्धको आशा गर्नु अन्यथा हो र ?

**२. आफ्नो बारेमा प्रचारप्रसार गर्नुहोस्**

कामको सिलसिलामा सन् २०२३ मा मात्रै झन्डै ४० जिल्ला भ्रमण गर्ने अवसर प्राप्त गरें । हरेक जिल्लामा एक सय एक जनप्रतिनिधिहरू हुनुहुन्छ । जनताको सेवामा अहोरात्र खटिनुभएको छ । गाउँ, टोलको भौतिक एवं सामाजिक विकासको क्षेत्रमा अतुलनीय नेतृत्व गर्नुभएको छ । आर्थिक विकासको प्रस्ट खाका तर्जुमामा हामी अलि कमजोर नै छौं । दु:ख लाग्दछ जब उहाँहरूसँग त्यसलाई प्रचार गर्ने समय पनि भएको देख्दा । तपाईंलाई गफ दिन्छु भनेर आएका मित्रहरूलाई जिल्ल पारिदिनुहोस् । यो दशैंलाई भरपुर उपयोग गर्नुहोस् । फेरि २१औं शताब्दी आफ्नो प्रचार आफैं गर्ने युग पनि हो । त्यसमा अभ्यस्त नहुने राजनीतिक नेतृत्वलाई निर्वाचन जित्न त्यति सहज पनि छैन । त्यसैले आफ्नो बारेमा व्यापक प्रचारप्रसार गर्नुहोस् । यहाँसम्मलाई भूमिका मानौं । अब अलि सघन छलफल गरौं ।

**३. हाम्रा गाउँ-टोल लोकतान्त्रिक, पारदर्शी भएको र यसमा थप सुधार हुने प्रत्याभूति दिलाउनुहोस्**

जनप्रतिनिधिहरू निर्वाचनको बेलामा मात्रै नागरिकहरूलाई खोज्छन् अरू बेलामा यसो छड्के परेर हिंड्छन् भन्ने आम गुनासो छ । बाहिर झगडा गरेको जस्तो गरे पनि भित्र-भित्र सबै मिलेर लुटेर खान्छन् भन्ने ठूलो आरोप पनि छ । व्यक्तिगत रूपमा मलाई त्यस्ता गुनासा वा आरोप अलि बढी नै अतिरञ्जित र भावनात्मक छ भन्ने लाग्दछ । तर, यसको चिरफार जनप्रतिनिधिज्यूहरूले नै गर्नुपऱ्यो होइन र ? यसपटक आफ्ना नागरिकलाई नेपालले लोकतन्त्रमा त्यसमा पनि ग्रामीण लोकतन्त्रमा गरेको प्रगतिको नमूना देखाइदिनुहोस् । सँगसँगै यो पनि हेक्का राख्नुहोस् यदि अझै पनि तपाईंले ग्रामीण राजनीति लोकतान्त्रिक, पारदर्शी, प्रभावकारी भएको देखाउन सक्नुभएन गाउँ बाहिर बाट आयातित नेताहरूबाट तपाईं विस्थापित हुने खतरा झन्-झन् बढ्दै जान्छ । खासमा अहिले नमागेरै भोट माग्ने बेला हो, नेताज्यू !

**४. आफ्ना समस्या दिल खोलेर राख्नुहोस्**

जनसंख्या घटेको वा बढेको कारण उत्पन्न समस्या, गाउँमा रोजगारी सिर्जना गर्न नसकिएको समस्या, कृषि उत्पादनको समस्या, मानव र जनावरबीच बढ्दै गएको द्वन्द्वको समस्या, शिक्षा र स्वास्थ्यको समस्या, तपाईंको मनमा भएका समस्या सबै राख्नुहोस् । जनप्रतिनिधिका समस्या, शिक्षकका समस्या, कृषकका समस्या, व्यापारीका समस्या, यातायातका समस्या, हरेक विषयमा सघन छलफल गर्नुहोस् । खासमा गाउँ-टोलमा धेरै क्षेत्रको बारेमा सुधार गर्न सकिने देश-विदेशको ज्ञान र अनुभव बोकेर नागरिकहरू फर्केका छन् । उनीहरू पनि तपाईं जत्तिकै त्यो गाउँ र टोललाई माया गर्छन् । सके अहिले समाधान दिने प्रयत्न गर्छन् । नसके दशैं-तिहार पछि कर्म थलोमा फर्केर समाधान खोज्ने प्रयत्न गर्छन् । उनीहरूलाई पनि यो एउटा ठूलो गृहकार्य हुनेछ ।

यति ढुक्क हुनुहोस्, अहिले तपाईंले गाउँ-टोलको समस्याको बारेमा राम्रोसँग संवाद गर्न सक्नुभयो भने तपाईंका सहयोगी हातहरू बढ्ने छन्, धेरै क्षेत्रमा सुधार गर्न सकिनेछ । स्रोत जुटाउन वा परिचालन गर्न सहज हुनेछ । आखिर त्यसको राजनीतिक व्याज खाने त तपाईंले नै होइन र ? अनि किन नभन्ने हाम्रा समस्या ?

**५. आफूलाई एकपटक मूल्यांकन गर्नुहोस्, गराउनुहोस्**

हाम्रो राजनीतिज्ञहरूको एउटा ठूलो समस्या भनेको उनीहरू थोरै केही मानिसहरूको प्रशंसा र आलोचनाको घेराभित्रको सीमित र साँघुरो राजनीतिमा रमाउँछन्, अलमलिएका छन् । राम्रो भन्ने भीड पनि सधैं त्यहीं हुन्छ र खत्तम भन्ने मानिसको समूह पनि प्राय: फेरिंदैन । लामो समयको त्यो अभ्यासले आफ्नो अब्बल र कमजोर पक्ष के हुन् भन्नेको हेक्का विना नै राजनीतिमा होम्मिएका हुन्छन् धेरै नेताज्यूहरू । विविध पेशा र व्यवसायमा रहेर देश-विदेश देखेका आफ्ना नागरिकसँग एकपटक आफूलाई मूल्यांकन गराउनुहोस् । मन खोलेर उनीहरूलाई सोध्नुहोस: मतदाताका रूपमा तपाईंहरूले हेर्दा मेरा राम्रा र कमजोर पक्षहरू के-के छन्/रहेछन् ? राजनीति र समाजसेवामा अझ माथि जान तपाईंले आफूलाई विकसित गर्नुपर्ने क्षेत्रहरू के-के रहेछन् एक पटक पहिचान गर्नुहोस् ।

तपाईंको सबैभन्दा प्रतिस्पर्धी क्षमता के हो र त्यसलाई कसरी अधिकतम तहसम्म विकसित गर्ने भन्ने बारेमा चिन्तन गर्नुहोस् । कदापि नभुल्नुहोस्, तपाईं अहिले पाँचवर्षे करार सेवामा हुनुहुन्छ र त्यसपश्चात् अर्को जागिर पाउन अर्को ठूलो अन्तर्वार्ता दिनुपर्नेछ । अहिले त्यसको तयारी गर्ने सुवर्ण अवसर प्राप्त भएको छ । त्यसको लागि अहिले गाउँ आउँदै गरेका तपाईंका नागरिकहरू सबैभन्दा राम्रा डाक्टरहरू हुन् । उनीहरूलाई भरपूर उपयोग गर्नुहोस् ।

**६. महत्वपूर्ण राजनीतिक मुद्दामा जनताको राय बुझ्नुहोस्**

नेतृत्वप्रतिको असन्तुष्टि दिनानुदिन व्यवस्थाप्रतिको असन्तुष्टिमा परिणत हुँदैछ । संविधान संशोधनको मुद्दा झन्-झन् पेचिलो बन्दैछ । मुलुक नयाँ प्रकृतिको राजनीतिक ध्रुवीकरण उन्मुख छ । लामो समय सिद्धान्तको राजनीति गरेका दलहरूमा सैद्धान्तिक विचलन आउँदा देशले नै ठूलो मूल्य चुकाउनुपर्ने देखिन्छ । तीन तहका सरकार बीचको सम्बन्धमा रहेका अस्पष्टता झन्-झन् बढ्दै गएका छन् । कर्मचारीले जनप्रतिनिधि माथि र जनप्रतिनिधिले कर्मचारी माथि खुलेआम रूपमा प्रश्न गर्ने, असन्तुष्टि पोख्न थालेका छन् । यहाँ सरकार छ कि समूह भन्ने प्रश्न खडा भएको छ । संघीय सदनदेखि गाउँ/नगर सभासम्मको संवादको गुणस्तर थप दयनीय बनेको छ । यस्ता सबै विकास क्रमहरूले राजनीतिक अन्योल सिर्जना गरेका छन् ।

त्यसमाथि पनि निरन्तरको गठबन्धन परिवर्तनले जनप्रतिनिधिहरूका राजनीतिक कठिनाइहरू थपिएका छन् । जब तपाईं यस्ता तमाम राजनीतिक प्रश्नहरूका बारेमा जनताका धारणामा प्रष्ट हुनुहुन्छ अनि मात्र तपाईंको आफ्नो विचारले प्रष्टता पाउँछ । अबको युगमा विचार मा प्रष्ट नभएको नेताको राजनीतिक जीवनले गति लिन र दीर्घ हुन कठिन छ । त्यसैले र ाजनीतिक मुद्दामा संवाद सुरु गर्नुहोस् । गाउँ-टोल बाहिर रहेका नागरिकहरूको विचारलाई बुझ्न सकिने यो सुवर्ण अवसर पनि हो ।

**७. गाउँ विकासको मोडेलको बारेमा नागरिकको धारणा सुन्नुहोस्**

अहिले हाम्रो नेतृत्वसँग दुई वटा प्रधान डरहरू छन् । पहिलो सबै विषयमा जानेको देखाउन सकेन भने राजनीतिक भविष्य नै खतर ामा पर्दछ । दोस्रो, मैले जति चाहे पनि अहिलेको संरचनाले काम गर्न दिंदैन । झट्ट सुन्दा हो जस्तो सुनिए पनि, राजनीतिमा यस्ता विषयले प्राथमिकता पाउनु भनेको लोकप्रियतावादले जरा गाड्न सुरु गरेको संकेत देखिनु हो । पहिलो, नेतासँग ज्ञानभन्दा पनि विवेक धेरै हुनुपर्दछ । उसले ज्ञान होइन आम नागरिकहरूको धारणाको प्रतिनिधित्व गर्नुपर्दछ । जुन ठाउँमा जस्तो ज्ञान आवश्यक छ, त्यहाँ त्यहाँ सम्बन्धित कर्मचारी वा विज्ञलाई खटाउने हो । दोस्रो, जनताका मुद्दा मात्रै बोक्यो भने कुनै दल, नेता, समूह वा कार्यालयले तपाईंको मिसनलाई रोक्न कठिन हुन्छ । त्यसमा पनि आफ्नो क्षेत्र विकासको नवीनतम विचारहरूको विरोध गर्न जो-कोहीलाई गाह्रो हुन्छ ।

सँगसँगै यो पनि सत्य हो कि जति जनप्रतिनिधिले आफ्नो ठाउँको माया गर्दछन् त्यति नै र सो भन्दा धेरै आफ्नो थातथलो बाहिर र हेका नागरिकहरूले पनि आफ्नो गाउँ-टोललाई माया गर्छन् । खासमा उनीहरूसँग गर्नुपर्ने र गर्न सकिने कामको सूची नै हुन्छ । उनीहरू सबैको सूची संकलन गरेर एउटा साझा सूची बनाउने प्रयत्न गर्नुहोस् । आखिर यसबाट तपाईंलाई नै फाइदा हुन्छ । यसले तपाईंका आफ्ना राजनीतिक एवं विकास कार्यक्रमलाई वैधता पनि प्रदान गर्दछ ।

**८. अर्को भेट अगाडिका बाचाहरू गर्नुहोस्**

सघन छलफलबाट नागरिकहरूले पेश गरेका राय मध्ये गर्न सकिने विषय, आफूलाई नागरिकको सहयोग हुँदा गर्न सकिने विषय र केही समय लाग्ने विषयको बारेमा प्रष्ट धारणा राख्नुहोस् । त्यति हुँदाहुँदै अर्को भेटसम्म सम्पन्न गर्ने कामको सूची निर्माण गर्नुहोस् । त्यसमा तपाईंले भेटेका नागरिकहरूले गर्छु भनेर प्रतिबद्धता जनाएका विषयलाई पनि राख्नुहोस् । यस्तो संवादले तपाईंलाई ऊर्जा प्रदान गर्नेछ । थप सक्रिय हुन अभिप्रेरित गर्नेछ । नागरिक र जनप्रतिनिधि बीचको सम्बन्धलाई प्रगाढ बनाउनेछ । हाम्रो ग्रामीण लोकतन्त्र र सिंगो राजनीतिक संस्कारको सुधार र विकासमा नै राम्रो भूमिका खेल्नेछ । अनि हामी अर्को दशैंमा अझ प्रभावकारी संवाद गर्न सक्नेछौं । यो दशैंमा संवादमा छुटेका नागरिकहरू अर्को, अर्को दशैंमा जोडिने शृंखलाको सुरुवात हुनेछ । राजनीति विकास भनेको पनि यस्तै-यस्तै होइन र?

**९. भेटे जति सबैलाई सोध्नुहोला- "मैले के गऱ्यो भने तपाईं गाउँ फर्कनुहुन्छ?"**

हो, अहिले गाउँ फर्काउने भन्दा पनि गाउँ छोड्नेलाई रोक्ने समय हो । तर रोक्न त किन छोड्छन् भन्ने थाहा हुनु पऱ्यो नि ! छोडेका नागरिकहरूसँग आफू फर्कने अवस्थाको परिकल्पना मात्रै होइन, कसो गर्दा आफ्ना भाइसाथीले गाउँ छोड्दैनन् भन्ने स्पष्ट विचार र उपायहरू हुन्छन् । जब हामीले गाउँ फर्काउने नै परिकल्पना गरेर काम सुरु गर्छौं त्यसले स्वाभाविक रूपमा अहिले गाउँमा रहेका जनशक्तिलाई रोक्ने उपाय र कार्यक्रमहरू पहिचान हुन्छन् ।

हामीले स्वीकार गर्ने बेला भएको छ: गाउँमा नै अवसर सिर्जना गर्ने काममा अलि पछाडि नै छौं । यसमा जुट्नुको हामीसँग विकल्प छैन । यो सुन्दर अभियानको सुरुवात तपाईंको क्षेत्रबाट सुरु होस् । जब यो ऐतिहासिक अभियान सुरु हुन्छ हामी ग्रामीण विकासको बृहत् योजना निर्माणमा ठूलो फड्को मार्न सक्छौं ।

**१०. गाउँको के कोसेली पठाउँदै हुनुहुन्छ?**

यो प्रश्नमा नै सबै विषय अड्केको छ । यो नै आजको हाम्रो गाउँको प्रधान समस्या हो । मेरो गाउँमा के उत्पादन गर्दा सबैभन्दा महँगो मूल्यमा कसरी बेच्न सकिन्छ भन्नेमा हामी अझै पनि व्यावहारिक र व्यावसायिक रूपमा अगाडि बढ्न सकेनौं । दु:ख नगरेको होइन । गाउँका आमबुबा काकाकाकीले धेरै दु:ख गर्नुभएको छ । भाइबहिनीको दु:ख पनि त्यस्तै छ । यसरी दु:ख गरेर हामी सम्पन्न हुनेमा विश्वास गर्न सकिने अवस्था भने छैन । त्यसो भए यो सबै दु:ख केका लागि ? अब व्यावसायिक गाउँहरू निर्माण गरौं । गाउँ विकासमा चार पक्षमा ध्यान दिऊँ : उत्पादन, उत्पादकत्व, व्यावसायिकता र उद्यमशीलता । निश्चित उत्पादनमा विशेष ध्यान दिउँ । अहिले कृषि पेशामा रहेकाहरूको उत्पादकत्वमा आमूल सुधार गरौं । दिन काट्न होइन समुन्नत जीवनयापन गर्ने, कृषि गर्ने युगको निर्माण गर्न हातेमालो गरौं ।

गाउँको उत्पादनको प्रवर्धन र त्यसको सम्मानित मूल्य प्राप्तिमा काम गर्ने उद्यमी पनि गाउँ-गाउँमा उत्पादन गरौं । यो दशैंलाई त्यसको सुरुवातको रूपमा उपयोग गरौं । गाउँ फर्केका हरेक नागरिकले गाउँको कोसेली किनेर फर्कन सक्ने वातावरण सृजना गरौं ।

जनप्रतिनिधिज्यूहरू, यहाँहरूसँग योभन्दा धेरै राम्रा विचार र योजना छन् भन्ने मलाई राम्रो थाहा छ । त्यति हुँदाहुँदै पनि मैले यति लामो लेख लेख्नुको एक मात्रै कारण के हो भने अबको युग नवीनतम सोच भए नेताहरू र ाजनीतिमा टिक्ने युग हो र त्यसको गर्ने नेताले मात्रै जनताको साथ र समर्थन प्राप्त गर्छन् भन्ने फेरि एक पटक यहाँहरूलाई निवेदन गर्न मात्रै हो । साधन र स्रोतको अभावका बीच अहोरात्र जनताको सेवामा खटिनुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरूलाई हार्दिक नमन गर्दै यहाँहरू सबैलाई विजया दशमी, तिहार (दीपावली) छठ, नेपाल संवत् समेतको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

*(साभार: अनलाइनखबर)*

# बाटोको दशा, अत्तालिएको दशैं

✍ प्रचण्डध्वज कार्की

उच्च शिक्षापछि घरमा बासँग सल्लाह गर्न बसियो । छोराले धेरै पढ्यो, अब राम्रो आम्दानी होला, छोराको कक्षा बढे सँगसँगै खस्किँदै गएको घरको आर्थिक अवस्थालाई अचम्मै ढंगले सुधार ल्याउला भन्ने आशा राख्नुभएको होला बा ! तर देशको मायाले मात्र यही देशमा केही गरी खान्छु भनी बसेर कमाएका गोडादशेक हजारले हजुरका सपना के पूरा गर्न सकिएला र ! जानु त विदेश नै पर्ने रैछ ? अरु बेला बा काठमाडौंमा भाडा तिर्न पैसा पठाइदिनुस् न भन्दा त सँगैको पल्लाघरको मनोजेले बेलैमा बाह्रपछि नै विदेश गएर कति प्रगति गरिसक्यो तँ भने अझै मलाई नै पिरोल्छस् भन्ने बालाई खोइ किन मप्रति यति धेरै माया जाग्रित भएर आएछ कुन्नि !

विदेश गएर कमाएको पैसाले आफ्नै देशमा बस्दाको अपनत्व के किन्न सकिन्थ्यो र ? हामीले मान्ने चाडबाड आउँदा हामीबीच आदानप्रदान हुने खुशी र माया के किन्न सकिन्थ्यो र ? बूढा बा-आमा बिरामी पर्दा दौडेर घर आइपुग्ने समय के किन्न सकिन्थ्यो र ? ती सबैको मोल जोडेर आफ्नै देशमै बस्नेको कमाइ कति हो, जोडेर मलाई भन बाबु भन्नुहुन्छ । बाले बाबु विदेश जा पनि भन्नुभएन, नजा पनि भन्नुभएन । तर बाका भावनाबाट म परिचित थिएँ । उमेर पच्चिसे कम थियो तर आफूभित्रको परिपक्वता दश वर्ष बढी छ भन्ने भान थियो मलाई । राहदानी बनाउन बालाई ढाँटेर लिएको पैसा आफ्नै देशको राजधानी जानलाई प्रयोग गरियो । बा खुशी हुनुभयो या भएन, त्यो बेला आँकलन गर्न सकिएन तर वर्ष दिनपछि आएको दशैंमा घर जाँदा बालाई लगिदिएको एकजोर कमिज-सुरुवाल देखेर बा दंग परेको हेरेर त्यो बेला गरिएको निर्णय ठिक्कै थियो जस्तो लाग्यो ।

त्यो बेला पूर्वी नेपाल जानुपर्ने होस् या पश्चिम नेपाल, काठमाडौंबाहिर निस्कने सबैभन्दा बढी प्रयोग हुने बाटो नागढुंगाबाट हेटौंडा हुँदै जाने सडकमार्ग नै थियो । गतिलो तथा सहज राजमार्ग भनेको त्यही एउटा थियो भने हवाई मार्ग प्रयोग मध्यमस्तरीय आम्दानी भएकालाई असम्भवजस्तै थियो । जे होस्, साँघुरो भए पनि सहज र भरपर्दो थियो त्यो बाटो । बर्खायाममा छिटपुट पहिरो र सामान्य दुर्घटनाबाहेक अहिलेको जस्तो हरपल सास्ती खेप्नुपर्ने अवस्था वा ज्यान माया मारेर यात्रा तय गर्नुपर्ने अवस्था थिएन । आज राजमार्ग त देशको ढुकुटी रित्तिएर धेरै बने तर जति मोटो बजेट खर्चेर सरकारले राजमार्ग बनायो, त्यति धेरै जनताले सडक संकट र त्रास बेहोर्नुपरेको अवस्थाको भान हुन्छ । सडक छ, बजेट छ, संयन्त्र पनि छ तर पद र अहोदामा बसेकाहरुमा देश र जनताप्रतिको उत्तरदायित्व सडकमा जाने पहिरोसँगै बगेर गएको महसुस हुन्छ । इमानदारिता, कर्तव्यनिष्ठता खोलाले बगाएर जाने सडकसँगै बगेर गएको महसुस हुन्छ ।

राज्य संयन्त्रले राज्यको भकारी रित्तिने गरी बजेट खर्च गरेर राजमार्गहरु त बनायो, तर एउटा राजमार्गको विकल्प अर्को राजमार्ग बनाउन सकेन । विपत्ति आइलाग्छ भन्ने सूचना दियो, त्यो विपत्तिमा ज्यान जोगाइदिन कुनै कदम नचालेर जनाताको भोटको मात्र मूल्य छ, ज्यानको केही मूल्य छैन भनेर प्रस्ट पारिदियो । नतिजामा कतिपय लाससमेत विलिन हुन पुगे, पूरा देश दशैंको उमंगमा झुम्न नपाउँदै शोकमा मौन र हनुपऱ्यो, तर राज्य संयन्त्र दु:खी रत्तिभर पनि छैन । किनभने दोष त प्राकृतिक विपत्तिको थियो, विपत्तिको सूचना हुँदा पनि आफ्नो जरुरी कामले यात्रा गर्ने जनताको थियो । खोइ सरकार कहीं पनि चुकेको पाइएन, मख्ख छ सरकार ! सरकार फेरिएपछि कोरिएका सरकारका उपलब्धिहरु त्यसमाथि तह र तप्कापिच्छेका नेता भनाउँदाहरुले नाक ठड्याउने विकासका कथाहरु अनि चुनाव नै पिच्छे कोरिएका विकास निर्माणका खाकाहरु खोइ कोरिन्छन् मात्रै, जनताले यथार्थमा कति महसुस गर्न पाउँछन् । लेखाजोखा राख्ने न त उपकरण छ, न संयन्त्र ।

खालि लेखिन्छ अनि रद्दीको टोकरीमा फोहोरसँगै फालिन्छ । निर्माण भएका हजारौं किलोमिटर बाटो कालोपत्रले टलक्क पारिदिंदा मात्रै विकासका उपलब्धि अनि त्यसैलाई आफ्नो सत्ता सार्थकता मान्नेहरुमा कमजोर गुणस्तर र प्राविधिक त्रुटिको जिम्मेवारी सडक बनाउन र बनाउन लगाउनेको नभई यात्रा गर्ने जनतामा रहेको आभास हुन्छ । गाउँ-गाउँमा पुगेको सिंहदरबार सँगै जनताका घरघरमा पुगेको कालको लेखाजोखा बिचरा जन्ताले के राख्न सक्थे र ! केवल पिरोल्लिरहन परेको छ । विदेशिएकालाई पनि देश फर्कन वातावरण त बनेन-बनेन, आज आफ्नै देशमा हुँदा पनि विदेशिएको अनुभव भयो । हुन त परिस्थितिको सामना गर्नुपर्नेलाई मात्र त्यसको पडिा महसुस हुन्छ, यहाँ आकाशमा उड्नेलाई के महसुस ?

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज २५ गते शुक्रबार ११ अक्टोबर २०२४ । अष्टमी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:०२, सूर्यास्त ५:३७ । महाष्टमी । कालरात्री । महानवमी । स्याक्वत्याक्व । कुलछिभ्वयरु । गैर-आवासीय नेपाली दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# अपाङ्गता भएका व्यक्तिलाई मनहरीको निर्वाहभत्ता

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकाले आंशिक अपाङ्गता भएका व्यक्तिलाई दशैंको अवसरमा निर्वाहभत्ता वितरण गरेको छ ।

गाउँपालिकाले मंगलबार वडादशैंको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रम मार्फत् निर्वाहभत्ता वितरण गरेको हो । पूर्णअपाङ्गता भएका मानिसलाई केन्द्र सरकारले मासिकरुपमा सामाजिक सुरक्षा भत्ता दिएपनि आंशिकको हकमा स्थानीय सरकारले अभिभावकत्व गर्नुपर्ने भन्दै यो कार्यक्रम राखिएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए ।

चाडपर्वमा अपाङ्गता भएका व्यक्तिलाई पनि केही राहत मिलोस् भनि यो कार्यक्रम ल्याइएको कालाखेतीले बताए । गाउँपालिकाले ७८ जना पहेलो कार्ड प्राप्त आंशिक अपाङ्गता भएका व्यक्तिलाई जनही ५ हजार ३ सय रुपैयाँको दरले निर्वाहभत्ता वितरण गरेको हो ।

# बागमती प्रदेशमा बढ्यो डेंगु संक्रमणको जोखिम

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ बागमती प्रदेशमा डेंगु संक्रमणको जोखिम बढ्दो छ । प्रदेशमा चालु आर्थिक वर्षको साउन यता डेंगु रोग संक्रमण तीब्रसँग बढेको छ ।

प्रदेशका १३ जिल्लामध्ये रसुवाबाहेक सबै जिल्लामा डेंगु संक्रमण फैलिएको बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार, गत साउनमा ८४७जनामा डेंगु संक्रमण भएकोमा असोज महिनाको २१ गतेसम्ममा डेंगु संक्रमितको संख्या छ हजार ६२९ जना पुगेको छ ।

साउनयता डेंगु संक्रमण तीव्रगतिमा फैलिएको यो प्रदेशमा गत भदौ महिनामा दुई हजार १६२ जना र असोज महिनाको हालसम्म तीन हजार २६८ जनामा डेंगु संक्रमण भइसकेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । यो अवधिमा सबैभन्दा धेरै डेंगु संक्रमित काठमाडौंमा भेटिएका छन् । त्यहाँ दुई हजार २१४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

# बागमतीमा राहत वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुरको पूर्वीक्षेत्र बागमती गाउँपालिकामा विपद् प्रभावित परिवारलाई राप्रपा मकवानपुरले राहत वितरण गरेको छ । बागमतीको ५ नम्बर वडास्थित भोर्लेनीबासीलाई राहत उपलब्ध गराइएको हो ।

राप्रपा मकवानपुर जिल्ला कार्यसमितिले संकलन गरेको राहत सामग्री राप्रपाका वरिष्ठ उपाध्यक्ष सागर थापाको नेतृत्वमा गएको टोलीले वितरण गरेको हो । बागमती गाउँपालिका-५ का वडाअध्यक्ष विजय भोलनको उपस्थितिमा २७ घरपरिवारलाई राहत सामग्री वितरण गरिएको छ । असोज ११ र १२ गतेको वर्षासँगै आएको बाढी र पहिरो पीडितलाई राप्रपाले राहत सहयोग गर्दै आएको छ ।

# भीमफेदी कारागारका कैदीबन्दीलाई खसी र खाद्यान्न

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुरगढी गाउँपालिका-२ का वडाअध्यक्ष बखानसिं पाखिनको नेतृत्वमा कारागार पुगेको टोलीले खसी र खाद्यान्न सहयोग गरेको छ । विजयादशमीको उपलक्ष्यमा भीमफेदीस्थित कारागारका कैदीबन्दीलाई खसी र खाद्यान्न उपलब्ध गराएको अध्यक्ष पाखिनले बताए ।

वडाध्यक्ष पाखिन, वडासदस्यहरु रामप्रसाद चौरेल, सुधारजीत गोले, नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य तथा युवा व्यवसायी राजकुमार गोले, नेपाल तरुण दल मकवानपुरगढी गाउँपालिका अध्यक्ष सानोकान्छा थिङले बुधबार भीमफेदी पुगेर कैदीबन्दीलाई दसैं मनाउन खसी र चिउरा हस्तान्तरण गरेका थिए ।

वडाअध्यक्ष पाखिनले कारागारमा रहेपनि नेपालीको ठूलो पर्व दसैंमा शुभकामना आदानप्रदानसँगै भातृत्वको सम्बन्ध स्थापित गर्न खसी र खाद्यान्न उपलब्ध गराइएको बताए । कारागार पुगेको टोलीले मकवानपुरगढी गाउँपालिका घर भएका कारागारमा रहेका कैदीबन्दीसँग शुभकामना आदानप्रदान गरेका थिए । कारागारमा मकवानपुरगढीका २१ जना कैदीबन्दी रहेको कांग्रेस युवानेता गोलेले बताए ।

दुईवटा पुरुष ब्लक र एउटा महिला ब्लक रहेको भीमफेदी कारागारमा एक हजार ४४ पुरुष, ४८ महिला कैदीबन्दी र एकजना आश्रित नाबालक रहेका छन् ।

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

**राक्सिराङ्ग गाउँपालिकाको कार्यालय**
कैलाश मकवानपुर

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

**कैलाश गाउँपालिकाको कार्यालय**
कैलाश मकवानपुर

## लिलाम बिक्रीको सूचना !

(दोस्रो पटक प्रकाशन मिति: २०८१/६/२५)

यस विद्यालयको पुरानो दुइकोठे भवन, २०७२ को भूकम्पका कारण क्षति पुगेको र बालबालिकाको अध्ययनका लागि प्रयोग गर्न नमिल्ने अवस्थामा रहेका कारण लिलाम बिक्री गर्ने विषयमा यस अघि प्रकाशन गरिएको २१ दिने सूचनामा रीतपूर्वक लिलाम सकार गर्न कुनैपनि निबेदन पर्न नआएकोले मिति २०८१ असोज २२ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकले पुन: दोस्रो पटक सूचना प्रकाशन गर्ने निर्णय गरेको हुँदा पुन: दोस्रो पटक २१ दिनको म्याद राखि लिलाम बिक्रीको सूचना प्रकाशन गरिएको छ ।

ईच्छुक फम अथवा ब्यक्तिले खरिद गर्नका लागि सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**तपशील**

१) छ (क) कोठा नं. १३, १४ को एउटा (१) भवन, १५, १९ को एउटा (१) भवन रु. ६०५८५६/-
२) छ (ख) (ग) कोठा नं. १, २ फलामे २ कोठे भवन र अन्य पुरानो किड एकमुष्ठ मूल्यांकन रु. ३०००००/-
३) विद्यालयको गोदाममा भएका पुराना फरक आकारको काठपातको बिवरणअनुसार रु. १९०५९४/९५

(तीनवटै शीर्षकको न्यूनतम मूल्यांकन रु. ९२४९१५/९५ बाट लिलाम बढाबढ हुनेछ)

**सीता माध्यमिक विद्यालय**
मनहरी गाउँपालिका-२, भुन्द्रुङटाँढी, मकवानपुर
९८५५०७१९०५ (प्र.अ.), ९७४८३७७२३५ (वि.व्य.स. अध्यक्ष), ९८६५२११८९१ (मू.स. संयोजक), ९७४९९३८६६३ (अध्यक्ष पि.टी.ए.) ९८४०६६२४८८ (लेखापाल)

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark


टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## विपदको समयमा खानेपानी तथा सरसफाईमा विशेष ध्यान दिऔं



- क्लोरीन झोल वा ट्याबलेट हालेर वा उमालेर पानीलाई शुद्धिकरण गरेको पानी मात्र पिऔं ।
- शुद्धिकरण गरेको पानी सधैं सफा भाँडामा छोपेर राखौं ।
- पानी निकाल्ने भाँडा सधैं सफा राखौं ।
- सडेगलेका, बासी र झिंगा भन्केका खाने कुराहरु नखाऔं ।
- काँक्रो, गाँजर, फलफूल जस्ता काँचै खान मिल्ने खानेकुरा सधैं सफा पानीले धोएर खाने गरौं ।
- खाना पकाउनुअघि, खाना खानुअघि, बच्चालाई खाना खुवाउनुअघि, फोहोर छोएपछि, दिसापिसाब गरेपछि, चर्पीको प्रयोग गरेपछि र बच्चाको दिसा धोएपछि सधैं साबुनपानीले मिचिमिचि हात धोऔं ।
- जथाभावी दिसा पिसाब नगरौं र नगराऔं ।
- चर्पीमा मात्र दिसा पिसाब गर्ने गरौं र बच्चाको दिसालाई पनि चर्पीमा नै बिसर्जन गरौं ।





- फोहरलाई सधैं निश्चित ठाउँमा सहि तरीकाले व्यवस्थापन गरौं ।
- खोक्दा, हाच्छ्यूँ गर्दा सफा कपडाले नाक मुख छोप्ने गरौं ।
- झाडापखाला, हैजा, आउँ, निमोनिया, रुघा खोकी तथा टाईफाइडका लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

**हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड**
हेटौंडा, मकवानपुर

## बाल बिवाह अन्त्यका लागि सहकार्य गरौं ।

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

बाल बिवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

**मकवानपुरगढी गाउँपालिकाको कार्यालय**
मक्राञ्चुली, मकवानपुर

## व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- बालश्रम बाल विवाह रोकौं
- बालबालिकाको पालन पोषण र शिक्षामा लगानी गरौं ।
- स्वास्थ्य संस्थामा बच्चालाई समयमै नियमित रुपमा लगाउनुपर्ने खोपहरू लगाई बाल मृत्युदर घटाऔं ।
- खानेपानीका मुहान, संरचनाहरू सफा रसुरक्षित राखौं ।
- आगलागी तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोमा सावधानी अपनाऔं ।
- पालिका भित्र सञ्चालन हुने सबै प्रकारका व्यपार, व्यवसाय पालिकामा दर्ता गरी सञ्चालन गरौं ।
- आ आफ्नो घरवरिपरि आफै सफा सुग्घर राखौं ।
- प्रत्येक घरधुरी, संघसंस्था र सार्वजनिक स्थानहरूमा चर्पी निर्माण गरी चर्पीमा मात्र दिशापिसाब गरौं ।
- घरेलु हिंसाविरूद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौ ।
- लागु औषध तथा दुर्व्यसनीबाट बचौं र बचाऔं ।

विकास निर्माण कार्यमा जनसहभागितामा जुटाऔं ।

**मनहरी गाउँपालिकाको कार्यालय**
रजैया, मकवानपुर

## व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- बालश्रम बाल विवाह रोकौं
- बालबालिकाको पालन पोषण र शिक्षामा लगानी गरौं ।
- स्वास्थ्य संस्थामा बच्चालाई समयमै नियमित रुपमा लगाउनुपर्ने खोपहरू लगाई बाल मृत्युदर घटाऔं ।
- खानेपानीका मुहान, संरचनाहरू सफा रसुरक्षित राखौं ।
- आगलागी तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोमा सावधानी अपनाऔं ।
- पालिका भित्र सञ्चालन हुने सबै प्रकारका व्यपार, व्यवसाय पालिकामा दर्ता गरी सञ्चालन गरौं ।
- आ आफ्नो घरवरिपरि आफै सफा सुग्घर राखौं ।
- प्रत्येक घरधुरी, संघसंस्था र सार्वजनिक स्थानहरूमा चर्पी निर्माण गरी चर्पीमा मात्र दिशापिसाब गरौं ।
- घरेलु हिंसाविरूद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौ ।
- लागु औषध तथा दुर्व्यसनीबाट बचौं र बचाऔं ।

विकास निर्माण कार्यमा जनसहभागितामा जुटाऔं ।

**बकैया गाउँपालिकाको कार्यालय**
हातीसुँढे, मकवानपुर

## बाल बिवाह अन्त्यका लागि सहकार्य गरौं ।

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

बाल बिवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

**भीमफेदी गाउँपालिकाको कार्यालय**
भीमफेदी, मकवानपुर

# बागमती‍को खेलकुद विकास कार्यक्रम विज्ञमा थापा मनोनित

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले खेलकुद विकास कार्यक्रम विज्ञको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका उपाध्यक्ष दीपक थापालाई मनोनित गरेको छ ।

मन्त्री मीनकृष्ण महर्जनले बागमती प्रदेशको समग्र खेलक्षेत्रको विकासका लागि सल्लाहसुझाव तथा आवश्यक नीति निर्माणमा सहयोग हुने विश्वासका साथ थापालाई जिम्मेवारी दिएका हुन् ।

खेलकुदसँग सम्बन्धित विकास कार्यक्रमको योजना र खेलाडीको वृद्धिविकासलाई समेत सुनिश्चित गर्न प्रदेश सरकार र खेलकुद मन्त्रालयलमा आवश्यकता अनुसार सल्लाहसुझाव दिने र कार्यगर्ने गरी थापालाई मनोनीत गरिएको मन्त्री महर्जनले बताए ।

काठमाडौं महानगर पालिका-१० निवासी थापा काठमाडौं व्याडमिन्टन एकेडेमीका संस्थापक हुन् । व्याडमिन्टनमार्फत् विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्णायकको भूमिका निर्वाह गर्दै ब्राजिलमा भएको रियो ओलम्पिक २०१६ मा समेत नेपालको प्रतिनिधित्व गरिसकेका थापाको अनुभवले बागमती प्रदेशको खेलक्षेत्रमा टेवापुग्ने मन्त्री महर्जनले विश्वास व्यक्त गरे ।

स्पोट्स इभेन्ट म्यानेजमेन्टमा मास्टर्स गरेका थापाले खेल र खेलाडीको वृद्धिविकासका लागि विभिन्न कार्यहरु संचालन गर्नुको साथै नेपालमा खेलकुदका कार्यक्रम आयोजना गर्दै आएका छन् । उनी नेपाल चेम्बर अफ कमर्सको शिक्षा तथा खेलकुद समितिको सहअध्यक्षसमेत हुन् । मन्त्रालयले यसअघि खेलविज्ञको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठलाई मनोनित गरिसकेको छ ।

# मकवानपुरको धोर्सिङमा बस दुर्घटना, ६ जना गम्भीर

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुरको भीमफेदी गाउँपालिका स्थित धोर्सिङमा बुधबार साँझ यात्रुबाहक बस दुर्घटना भएको छ । हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा २ ज ९८३ नम्बरको ट्याक्सी र काठमाडौंबाट जनकपुर का लागि छुटेको बा ३ ख २७२३ नम्बरको मिनी बस बुधबर साँझ एकआपसमा ठोक्किँएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

भीमफेदीबाट हेटौंडा आउँदै गरेको बस साँझ साढे ७ बजे हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गअन्तर्गत भैंसे-भीमफेदी सडक खण्डको धोर्सिङ भन्ने स्थानमा सडकबाट तल खसेको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्याम अर्यालले जानकारी दिए । डिएसपी अर्यालका अनुसार दुर्घटनामा परी ६ जना जना यात्रु गम्भीर घाइते भएका छन् ।

बसमा सवार २८ जना घाइते भएको र गम्भीर ६ जनालाई हेटौंडा अस्पतालमा उपचारका लागि ल्याइएको छ । ६ जनालाई थपउपचारको लागि चितवन पठाउने तयारी भइरहेको डिएसपी अर्यालले जानकारी दिए । चाडपर्वमा यो सडक खण्डमा सवारी चाप अत्यधिक रहेको छ ।

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नमुना प्रगति बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रधानाध्यापक
एवम्
अमर माध्यमिक विद्यालय,परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
किरण महत क्षेत्री (अध्यक्ष) एवम्
मकवानपुर क्रिकेट संघ, परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अमृत बर्तौला
एवम्
पाथिभरा लेखापढी सेवा सदन, परिवार
हेटौंडा-२ मानसचोक

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्रहक, व्यवसायी, सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजकुमार रसाइली (प्रोपाइटर) एवम्
नमोबुद्ध सुनचाँदी पसल., परिवार
हेटौडा-१०, बासुदेवमार्ग

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्रहक, व्यवसायी, सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
किरण दुधराज (प्रोपाइटर) एवम्
किरण एण्ड कस्मिर सुनचाँदी पसल., परिवार
हेटौडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
युवा बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
इन्द्र कुमार मोक्तान
(अध्यक्ष) एवम्
मोटरसाइकल व्यवसायी संघ, परिवार

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजु अधिकारी (अध्यक्ष) एवम्
ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार
हेटौडा-२, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
चक्रधर बिडारी (अध्यक्ष) एवम्
हाम्रो गोर्खा बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डा. गणेश बल लामा (अध्यक्ष) एवम्
दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार
हेटौडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रबोध बिडारी (प्रधानाध्यापक)
एवम्
निर्मल माध्यमिक विद्यालय, परिवार
हेटौडा-११, बस्तीपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
इन्द्रबहादुर बस्नेत (अध्यक्ष) एवम्
हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना